# पञ्चपुरी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ८ संख्या १ मिति २०८२।०७।३०

## भाग २

## पञ्चपुरी नगरपालिका

प्रकाशित मिति: २०८२।०७।३०


### कृत्रिम गर्भाधान प्रोत्साहनका लागि गाई भैंसीलाई सुत्केरी भत्ता कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

#### प्रस्तावना:

गाई तथा भैंसीले वेतभरि दिने दूधको परिमाण व्याएको दुई महिनाभित्रको दूध उत्पादनमा निर्भर रहने हुँदा उक्त अवधिभित्र लैनो पशुले बढी दूध दिन सकेमा मात्र सोही अनुपातमा वेतभरि उत्पादन कायम राख्नको लागि नवजात बाच्छाबाच्छी तथा पाडापाडीको स्याहार–सुसार गर्न पशुको उत्पादन तथा उत्पादकत्व बढाउन, उन्नत जातको पशु उत्पादन गर्न आवश्यक सन्तुलित आहार र अन्य स्याहार–सुसारका लागि कृषकहरूमा जागरण ल्याउन आवश्यक ठानी, पञ्चपुरी नगरपालिकाबाट कृत्रिम गर्भाधान गरेका गाई–भैंसीलाई सुत्केरी भत्ता अनुदान कार्यक्रमलाई सरल, सहज, व्यवस्थित, प्रभावकारी र पारदर्शी रूपमा कार्यान्वयन गर्न स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) अनुसार यो कार्यविधि जारी गरिएको छ।

#### परिच्छेद १
#### संक्षिप्त नाम र परिभाषा

**१.संक्षिप्त नाम र परिभाषा** १) कार्यविधिको नाम: कृत्रिम गर्भाधान प्रोत्साहनका लागि गाई–भैंसीलाई सुत्केरी भत्ता कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" रहेको छ ।

२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएपछी लागू हुनेछ ।

३) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा प्रयोग भएका शब्द/शब्दावलीका अर्थ निम्नानुसार रहनेछन्:

क) **नगरपालिका**:- भन्नाले पञ्चपुरी नगरपालिकालाई जनाउँछ ।
ख) **नगर प्रमुख**:- भन्नाले पञ्चपुरी नगरपालिकाका नगर प्रमुखलाई जनाउँछ।
ग) **नगर उप–प्रमुख**:- भन्नाले पञ्चपुरी नगरपालिकाका नगर उप–प्रमुखलाई जनाउँछ।
घ) **प्रमुख प्रशासकीय अधिकृत**:- भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिमको पञ्चपुरी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ।
ङ) **कार्यपालिका**:- भन्नाले नगर कार्यपालिकालाई जनाउँछ।
च) **न्यायिक समिति**:- भन्नाले संविधानको धारा २१७ बमोजिमको न्यायिक समितिलाई जनाउँछ।
छ) **आर्थिक विकास समितिको संयोजक**:- भन्नाले नगरपालिकाको विषयगत समितिमध्ये आर्थिक विकास समितिको संयोजकलाई जनाउँछ।
ज) **पशुपन्छी विकास शाखा**:- भन्नाले पञ्चपुरी नगरपालिका अन्तर्गतको पशुपन्छी विकास शाखालाई जनाउँछ।
झ) **बेतभरि**: भन्नाले पशु ब्याएको समय देखि १ वर्षको समयलाई बुझिन्छ .
ञ) **सुत्केरी भत्ता**: भन्नाले पञ्चपुरी नगरपालिका पशुपन्छी शाखा बाट कृत्रिम गर्भाधान गरे बापत प्रोत्सान स्वरुप दिईने रकमलाई बुझिन्छ।
ट) **कृत्रिम गर्भधान**: भन्नाले भाले पशु बाट संकलित विर्यलाई कृत्रिम गर्भाधान गनको माध्यम द्धारा पोथि पशुको गर्भाशयमा प्रवेश गराई गर्भाधान गरिने प्रक्रियालाई बुझिन्छ।

## परिच्छेद २
## कार्यविधिको उद्देश्य र कृषक छनौटका आधारहरु

४. **कार्यविधिको उद्देश्यहरु** :क) दुधालु पशुको लैनो अवस्थामा थप स्याहार/सुसार र उचित पोषण प्रदान गर्नु।
ख) दूध उत्पादन वृद्धि गरी सोही अनुपातमा वेतभरि दूध उत्पादन कायम राख्ने।
ग) बाच्छाबाच्छी तथा पाडापाडीको मृत्युदर घटाई तिनको तौल र गुणस्तरमा सुधार ल्याउनु।
घ) पशुको दुई वेतबीचको अन्तर घटाई उत्पादन लागत घटाउनु।

५. **कार्यक्रम सञ्चालन हुने स्थान**: क) यो कार्यक्रम पञ्चपुरी नगरपालिकाका ११ वटै वडाहरूमा सञ्चालन गरिनेछ।
ख) पञ्चपुरी नगरपालिका पशुपन्छी विकास शाखावाट कृत्रिम गर्भाधान गरेको पशु अन्य स्थानीय तहमा बिक्री वितरण गरेको भए सेवा उपलब्ध हुनेछैन।

६. **कार्यक्रम सञ्चालनका लागि कृषक छनोटका अनिवार्य आधारहरू**:क) पशुपन्छी विकास शाखाबाट कृत्रिम गर्भाधान गरिएको हुनुपर्ने।
ख) पञ्चपुरी नगरपालिका पशुपन्छी विकास शाखाबाट जारी कृत्रिम गर्भाधान कार्ड हुनुपर्ने।
ग) गाई/भैंसी, पाडापाडी/बाच्छाबाच्छी र पशुधनी एउटै फ्रेममा स्पष्ट देखिने रंगीन फ़ोटो हुनुपर्ने।
घ) पशुधनी/सम्बन्धित व्यक्तिको नागरिकताको प्रतिलिपि १ प्रति हुनुपर्ने।
ङ) यदि पशु ब्याउनुभन्दा पहिला दोस्रो व्यक्तिलाई किनबेच भएको खण्डमा अनुसूची–२ अनुसारको सम्झौता पत्र पेश गरेको हुनुपर्ने।

लालबिर भण्डारी
नगर प्रमुख

## परिच्छेद ३
## कार्यक्रम संञ्चालन र अनुदान

**७. कार्यक्रम सञ्चालन प्रक्रिया:**

क) सम्बन्धित पशुधनीले नगरपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ।
ख) निवेदनको ढाँचा कार्यविधिको अनुसूची-१ अनुसार हुनेछ।
ग) यस कार्यविधको दफा ६ बमोजिमका कागजातहरू पेश गर्नुपर्नेछ।

**८. अनुदान वितरण :** क) गाई भैंसिलाई सुत्केरी पशु आहार भत्ता अनुदानको लागि प्रति पशु रु २५०० ( दुई हजार पाँच सय मात्र) हुनेछ।
ख) सुत्केरी भत्ता अनुदानको लागी अर्को व्यवस्था नभए सम्मा नगरपालिकाको आन्तरीक स्रोतबाट व्यवस्था गरिनेछ।

**९. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था:** १) यस कार्यक्रमको अनुगमन यस कार्यविधिको देहाय बमोजिमको गठित समितिले गर्नेछ।

| | |
|---|---|
| आर्थिक विकास समितिको संयोजक | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| पशुपन्छी विकास शाखा प्रमुख वा निजले तोकेको कर्मचारी | सदस्य–सचिव |

२) सो को मासिक, अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन र प्रगति आवश्यक्ता अनुसार पशुपन्छी विकास शाखा वा पशुपन्छी विकास निर्देशनालयमा पठाउन सकिनेछ।
३) समितिको कामकारवाहीमा पशुपन्छी विकास शाखाका अन्य कर्मचारीहरुको सहयोग समन्वय रहनेछ।

समय समयमा पशुपन्छी विकास शाखाका कर्मचारीहरुले अनुगमन गरी तथ्यपूर्ण विवरण कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद ५
## विविध

**१०. बाधा–अड्काउ फुकाउने :** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा वा अड्काउ आएमा नगर कार्यपालिकाको निर्णय अनुसार समाधान हुनेछ।

**११. परिमार्जन:** नगर कार्यपालिकाले यो कार्यविधि आवश्यक्ता अनुसार संशोधन वा परिमार्जन गर्न सक्नेछ।

अनुसूची–१

निवेदनको ढाँचा

मिति: ......................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
पञ्चपुरी नगरपालिकाको कार्यालय,
बाबियाचौर, सुर्खेत।

विषयः कृत्रिम गर्भाधान गरिएको पशुको सुत्केरी भत्ता पाऊँ भन्ने बारे।

महोदय,

प्रस्तुत विषयमा म पञ्चपुरी नगरपालिका वडा नं. ...... मा बस्ने श्री ................................................... ले मिति ............... गते गाई/भैंसीलाई कृत्रिम गर्भाधान गराएको तथा मिति ............... मा बाच्छा/पाडा जन्मिएको हुनाले सुत्केरी भत्ता पाउन यो निवेदन पेश गरेको छु।

निवेदक:
नाम:
..................................
......
ठेगाना:
.................................
सम्पर्क नं.:
...............................

लालबिर भण्डारी
नगर प्रमुख

पञ्चपुरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाबियाचौर, सुर्खेत कर्णाली प्रदेश, नेपाल

लालबिर भण्डारी
नगर प्रमुख

## अनुसूची–२

### कृत्रिम गर्भाधान गरिएको पशु खरीद–बिक्री पत्र

म पञ्चपुरी नगरपालिका वडा नं. ...... मा बस्ने श्री ............................................ ले मिति .............. का कृत्रिम गर्भाधान कार्डमा रहेको श्री ............................................ बाट खरीद गरेको हो भनी यो भरपाई दिइयो/लिइयो ।

ईति संवत् ............... साल ............ महिना ............ रोज शुभम् ।

**बिक्री गर्ने**

नामः ........................

ठेगानाः ......................

सम्पर्क नं.: ..................

| दायाँ | बायाँ |
|---|---|
| | |

**खरिद गर्ने**

नामः ........................

ठेगानाः ......................

सम्पर्क नं.: ..................

| दायाँ | बायाँ |
|---|---|
| | |

आज्ञाले,
लक्ष्मी घिमिरे
प्रमुख प्रशासीय अधिकृत

लालबिर भण्डारी
नगर प्रमुख